**आज मिति २०८१ साल चैत्र महिनाको ३१** गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तप्त बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५४औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित तथा सहयोगी कर्मचारीहरु** | | | |
| १९ | गौरव कु. नागिहाने | लेखा अधिकृत | |
| २० | राज तिलक थापा | स.-क. अधिकृत | |

मिति २०८१ साल चैत्र ३१ गते बसेको कार्यापालिका बैठकको निर्णय

निर्णय नं. १. गाउ शिक्षा समितिबाट सिफारिस भइ आएका र बैठकको एजेन्डामा उल्लेख भएका देहायका बिषयहरुको यो बैठकमा व्यापक छलफल गरि देहाय अनुसारको सर्वसहमत निर्णय गरियो ।

क. मिति २०८१/१२/२७ गतेको गाउँ शिक्षा समितिको सिफारिसमा यस पालिकामा सञ्चालित देहाय बमोजिमका विद्यालयहरुमा विद्यार्थी संख्या न्यून रहेकोले शैक्षिक सत्र २०८२ देखि तपसिल अनुसारको कक्षामा मात्र विद्यार्थी भर्ना गर्ने/गराउने गरी सम्बन्धित वडा शिक्षा समिति र विद्यालयलाई जानकारी गराई निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शैक्षिक सत्र २०८२ देखि सञ्चालित हुने कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | भानु प्राथमिक विद्यालय | रासी सोनारी-१ सिक्टा | कक्षा ३ | कक्षा १ | बढी भएका शिक्षक तथा कर्मचारीहरु गाउँ शिक्षा समितिले व्यवस्थापन गर्ने |
| २ | नेपाल राष्ट्रिय प्रा वि | रासी सोनारी-१ खोकरी | कक्षा ५ | कक्षा ३ | |
| ३ | जयदुर्गा आ वि | रासी सोनारी-२ मदुवा | कक्षा ८ | कक्षा ५ | |
| ४ | सिद्धेश्वरी प्रा वि | रासी सोनारी-५ नयाँबस्ती | कक्षा ३ | बालविकास | |
| ५ | नेपाल राष्ट्रिय आ .वि. | रासी सोनारी-७ खल्लाझगडिया | कक्षा ८ | कक्षा ५ | |
| ६ | भगवती आ.बि. | रासी सोनारी -८ ओभरी | कक्षा ८ | कक्षा ५ | |
| ७ | नेपाल राष्ट्रिय आ वि | रासी सोनारी-९ महादेवा | कक्षा ८ | कक्षा ५ | |
| ८ | सरस्वती प्रा वि | रासी सोनारी-९ गुरुवागाउँ | कक्षा ४ | कक्षा ३ | |

निर्णय नं. १ ख. मिति २०८१/१२/२७ गतेको गाउँ शिक्षा समितिको निर्णय अनुसार बढीमा ३ वटा विषय सम्ममा NG भएका परीक्षार्थीको लागि ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने गाउँ शिक्षा समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १ ग. रासी सोनारी गाउँपालिका वडा नं. ६ अन्तर्गत संचालित श्री सरस्वती माध्यमिक विद्यालय, पनेरियामा बहिरा विद्यार्थीहरुको लागि स्रोत कक्षा सञ्चालनको अनुमति दिने र नेपाल सरकारबाट अनुदान प्राप्त नहुँदासम्म स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने रकम तथा जनशक्ति डेक नेपाल बाँकेसँग सहयोग लिने निर्णय गरियो।

दान बहादुर रोकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं २. यस गाउपालिकाको वडा नं ५ को बनौरे खोला मोटरेवल पुलको DPR तयार गर्नको लागि गत आवमा वान डिग्री कन्सल्टेन्सी प्रालि सँग सम्झौता भइ भुक्तानी दिन बाकि रहेकोले सो DPR यस बैठकमा प्रस्तुत गरियो , उक्त प्रतिवेदनमा आवश्यक सुझाब सहित स्वीकृत गरि नियमानुसार रकम भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ३. आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश समपुरक अनुदान र विशेष अनुदान तर्फको लागि निम्न आयोजना तथा कार्यक्रम संचालनको लागि वजेट विनियोजनको गरि दिनको लागि लुम्बिनी प्रदेश सरकार सँग अनुरोध गरि पठाउने निर्णय गरियो।

(राप्ति सोनारी गाउपालिकाको प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत कार्यक्रमको लागि माग गर्नु पर्ने आयोजना तथा कार्यक्रमहरु आव २०८२/०८३)

| सि .नं | कार्यक्रम/आयोजनाको नाम | माग गरेको शिर्षक | लागत अनुमान |
|---|---|---|---|
| १ | शसस्त्र प्रहरी बल देखि ओभारी रास्ट्रीय निकुन्ज जाने सडक निर्माण वडा नं ८ | प्रदेश समपुरक अनुदान | |
| २ | अगैया बजार देखि सिक्टा पुल सम्म र भवानियापुर चोक देखि नारायणपुर चोक सडक निर्माण वडा नं ३ | प्रदेश समपुरक अनुदान | |
| ३ | कुसुम रिङ्गरोड निर्माण रासिसोनारी १ बाके | प्रदेश समपुरक अनुदान | |
| ४ | रासिसोनारी गाउपालिकाको स्वास्थ्य सँग सम्बन्धित कार्यक्रमहरु | प्रदेश बिशेष अनुदान | ४० लाख |
| ५ | बिपन्नवर्ग आवास निर्माण कार्यक्रम | प्रदेश बिशेष अनुदान | ४० लाख |

निर्णय नं ४. यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार र अत्यावश्यक देखिएका देहायका आयोजनाहरुको वजेट विनियोजन भएका आयोजनाको हकमा जे जति रकम विनियोजन भएको छ सो अनुसारको लागत अनुमान तयार गर्ने र विनियोजित बजेट भन्दा वढी लागत अनुमान र रकम समेत बिनियोजन नभएका आयोजना भएमा लागत अनुमान अनुसारको वोलपत्रका माध्यमबाट खरिद प्रक्रिया अवलम्बन गरि क्रमागतरुपमा संचालन गर्ने सो एकिन हुने रकम आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वजेटमा समावेश हुने गरि देहायको रकम विनियोजनको आन्तरिक स्रोतबाट स्रोत वा अन्य स्रोतबाट सुनिश्चत गर्ने निर्णय गरियो ।

१.आयोजनाको नाम : Construction of Boundary Wall in 15 Bed Hospital, Rapti Sonari 04 Banke, बिनियोजन हुनु पर्ने भएको रकम रु. रु ३२,५४,४८२.७४/ ल.इ. रकम (भ्याट, पियस र कन्टेनजेन्सी समेत) रु ३२,५४,४८२.७४/- स्रोत शुनिश्चित गर्ने ।

२.आयोजनाको नाम : Maintainance of Shabha Hall , Sound System, Two Room Building & Fencing Works, Rapti Sonari 02 Banke. बिनियोजित हुनु पर्ने रकम रु २९,१६४३०। ल.इ. रकम (भ्याट, पियस र कन्टेनजेन्सी समेत) रु २९१६४३०। आन्तरिक स्रोतबाट व्यहोर्ने ।

३. आयोजनाको नाम :Tinko Pata Bhayeko Biddhyalaya Gypsum Prayog Sauchalaya Tatha Khanepani Bebasthapan Karyakram , Rapti Sonari Banke. विनियोजित रकम रु ६५ लाख , लागत अनुमान रकम १,५१,४११९४/- ल.इ. रकम (भ्याट, पियस र कन्टेनजेन्सी समेत) नपुग हुने रकम आन्तरिक स्रोतबाट वा अन्य स्रोतबाट व्यहोर्ने ।

निर्णय नं ४.बिबिध निर्णयहरु देहाय अनुसार गरियो

१.राप्ति सोनारी गाउपालिका वडा नं ८ बस्ने प्रो. दिलबहादुर खत्री ( सम्पर्क न .९८४८२९६८०५ ) को टुप्पी निर्माण सेवाको घ बर्गको इजाजतपत्र प्रदान गर्ने समितिबाट इजाजत दिनको लागि सिफारिस भइ आएकोले इजाजतपत्र दिने ।

२. गाउपालिका भित्रका पुराना घरहरुको अभिलेखीकरण हुन बाकि रहेको र सो को लागि नागरिकबाट गुनासो एवम् अनुरोध आइरहने भएकोले २०८२ आश्विन मसान्तसम्मको लागि म्याद थप गरि घर नक्शाको नियमानुसार अभिलेखीकरण गर्ने ।

३. देहायका ७ वटा घर परिवारको आगलागीबाट क्षति भएको भनी मुचुल्का सहित वडा कार्यालयबाट सिफारिस भइ आएकोले प्रति परिवार १० हजारका दरले राहत रकम उपलब्ध गराउने :

| क्र. सं | नाम थर | ठेगाना | घटना मिति | क्षति विवरण | संलग्न कागजात | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चुडामनि खत्रि | रा.सो. ४ | २०८१/१२/०१ | ग्याँस लिक भई घरमा आगलागी भएको | निवेदन सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | घरमा आगलागी |
| २ | टोप बहादुर खत्री | रा.सो. १ | २०८१/१२/१५ | दुई कोठाको १ तले फुस खरले छाएको ढुङ्ग माटोले बनेको कच्ची घर एङ्कासी आगलागी भएको | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | घरमा आगलागी |
| ३ | हुकुम बहादुर मगर | रा.सो. ८ | २०८१/१२/२७ | हावाहुरीको करण टिनको छानो | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | हावाहुरीले टिन |
| ४ | गौरी थारु | रा.सो. ७ | २०८१/१२/२७ | हावाहुरीको करण घरमा रुख ढालेको | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | हावाहुरीले घरमा रुख ढालेको |
| ५ | राम आश्रय गद्दी | रा.सो ७ | २०८१/१२/२७ | हावाहुरीको करण टिनको छानो | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | हावाहुरीले टिन |
| ६ | क्रिम बहादुर थारु | रा.सो. ३ | २०८१/१२/२७ | हावाहुरीको करण घरको जस्ता पाता फलिएको | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | हावाहुरीले टिन |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश नेपाल

धन बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | हिरा सिंह वली | रा.सो. ९ | २०८१/१२/२७ | हावाहुरीको करण घरको जस्ता पाता फलिएको | सिफारिस प्रहरी मुचुल्का क्षति भएको फोटो नागरिकता | हावाहुरीले टिन |

४ श्री एस.एण्ड एस. कन्ट्रक्सन कोहलपुरको नाममा आव २०७९/०८० को अन्तिम लेखा परिक्षण हुदाको वखत सो कम्पनीको नाममा कायम भएको वेरुजु रकम रु.२०२,७५६|- र सो कम्पनीले मौज्दात गरि जम्मा गरेको नदिजन्य पदार्थ मध्य मिति २०८१/७/२९ को १२०० घनमिटर भएको नदिजन्य पदार्थको पेश भएको प्राविधिक प्रतिवेदन अनुसारको राजश्व रकम र जरीवान दुवै राजश्व पालिकामा तिरेमा विगतको झैं नियमानुसार निकासीको अनुमति दिने ।

५.चालु आवको कृषि शाखाको ५० प्रतिशत अनुदानमा धानको विउ वितरण सम्वन्धि सवै वडामा पटकपटक गरेको जानकारी र सोको जम्मा गरेको रकमको सन्दर्भको यो बैठकमा जानकारी भयो | जे जति वडावाट रकम प्राप्त भएको छ सो अनुसारको जि टु जि खरिद प्रक्रिया नियमानुसार शुरु गर्ने वा स्थानीय सहकारी संस्था वा उत्पादक संग खरिद गर्नको लागि १५ दिनको सिलवन्दी दरभाउपत्र का माध्यमवाट वडा वा पालिकाको लागि आवश्यकता अनुसार लागत प्रवाभी र सहजता हेरी प्याकेज तयार गरि खरिद प्रक्रिया शुरु गर्ने|

६. यस गाउपलिकाको आर्थिक सहयोग र नेपालगन्ज उधोग वाणिज्य संगको सहकार्यमा भएको रोजगार मेला आयोजना गर्नको लागि भएको १ लाख रकमको सम्झौता अनुमोदन गर्ने र विल भरपाई पेश भएमा नियमानुसार सम्वन्धित शिर्षकवाट भुक्तानी गर्ने ।

७ . सशस्त्र प्रहरी कुन्डाको लागि मासिक अधिकतम १५ लिटर डिजेल/पेट्रोल दिने , ट्राफिक प्रहरी शम्सेरगन्ज /ढकेरीको लागि चेतनामुलक ट्राफिक होड्रिग वोर्ड उपयुक्त वजेट हेरी व्यवस्थापन गर्ने ।

८.रासिसोनारी अस्पतालको निर्माण व्यवसायीको लागि रकम भुक्तानीको वजेट नभएकोले अवाले ए.डी. जेभीको माग अनुसार २०८२ वैशाख मसान्त सम्म म्याद थप गर्ने ।

९. वडा नं ९ को ढकेरी महादेवा खानेपानीको तथा सरसफाई उपभोक्ता समितिलं स्व. वच्चुअहिरको अपुताली जग्गा हाल नेपाल सरकारको स्वामित्वमा रहेको साविक ढकेरी गाविसको वडा न १ मा रहेको १ ख कि.नं ७८ र १३९ को जग्गावाट २ कट्टा जग्गा प्रयोग गर्ने मिल्ने अवस्था रहेमा सो को लागि सम्वन्धित निकायमा प्रयोगको लागि सिफारिस सहित अनुरोध गर्ने वा सम्वन्धित वडामा सहजिकरणको लागि निर्देशन वा पत्राचार गर्ने

१०. वडा नं ८ र ९ वाट देहायका आयोजनाको लागि चालु आव वा आगामी आर्थिक वर्षको लागि वजेट व्यवस्था गरि कार्यान्वयन गर्न सिफारिसको लागि अनुरोध माग भइ आएकोमा सम्वन्धित संघिय सरकार र प्रदेश सरकारका निकायमा सिफारिस सहित अनुरोध गरि माग गर्ने ।

| सि.नं. | योजनाको नाम | स्थान | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | थारु गाउँदेखि भण्डारी टोल हुँदै वाहविगाहसम्म कालोपत्रे तथा नाली निर्माण | ढकेरी | ३ करोड | |
| २ | महादेवादेखि महेन्द्र राजमार्गसम्म कालोपत्रे तथा नाली निर्माण | महादेवा-सिरहा- | ५ करोड | |
| ३ | माथिल्लो खैरीदेखि तल्लो खैरीसम्म कालोपत्रे तथा नाली निर्माण | खैरेनी | ३ करोड | |

४

धन बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | सिक्टाको नहरदेखि तिनकुने चोकहुँदै नमुनाटोल गुरुवागाउँसम्म कालोपत्रे तथा नाली निर्माण | गुरुवागाउँ | ३ करोड | |
| ५ | वाहुनटोलदेखि लाहुरेटोल हुँदै राजमार्गसम्म कालोपत्रे तथा नाली निर्माण | ढकेरी | ३.५ करोड | |
| ६ | वाहुन टोलमा सिचाई प्रयोजनको लागी आर सिसि क्यानल निमार्ण | वाहुन टोल | २.५ करोड | |
| ७ | वडा नं ९ मा शित भण्डार | ढकेरी | १ करोड | |
| ८ | कवड हल निर्माण वडा नं ९ | ढकेरी | १ करोड | |
| ९ | सडक वति वडा नं ९ | ढकेरी | ५० लाख | |
| १ | रिम्ना खोलाचमा पक्की पुल | नयाँ गाउँ | ७० लाख | |
| २ | ओभरीमा कालो पत्रे तथा नाली नार्माण | ओभरी | २ करोड | |
| ३ | साना किसान बष्टम देखी रिङरोड सम्म मालफपत्रे तथा नाला निर्माण | ओभरी | १ करोड | |
| ४ | अमुवा गाउँ अधुरो वाटो कालो पत्रे तथा नालि निर्माण | ओभरी | १ करोड | |
| ५ | वालापुर रिङरोड | वालापुर | २ करोड | |
| ६ | धर्मटि कालोपत्रे तथा नाली निर्माण | धर्मटि | १ करोड | |
| ७ | डाडागाउँ टोल बिकास कालोपत्रे तथा नाली निर्माण | डाडागाउँ वडा नं ८ | १ करोड | |
| ८ | नयाँ गाउँ कालोपत्रे तथा नाली निमार्ण | नयाँगाउ ८ | १ करोड | |
| १० | कालीमाटि मन्दिर देखी महेन्द्रराजमार्ग सम्म | वडा नं ८ | २ करोड | |

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

वडा नं ९ अन्तरगत

| क्र. सं. | योजनाको नाम | स्थान | परिमाण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | रिम्ना खोलामा पक्की पुल | नयाँ गाउँ ८ | १ | ७० लाख | भोतिक पूर्वाधार विकास मन्त्रालय |
| २ | जिप स्टेसन देखि कालिमाटी मन्दिर जोड्ने बाटो कालो पत्रे तथा नाली नार्मण | ओभरी | २ कि.मि. | २ करोड | उद्योग,पर्यटन तथा यातायात मन्त्रालय |
| ३ | साना किसान बष्टम देखी रिडरोड सम्म बाटो कालोपत्रे तथा नाला निर्माण | ओभरी ८ | १५०० मि. | १ करोड | भोतिक पूर्वाधार विकास मन्त्रालय |
| ४ | अमुवा गाउँ अधुरो बाटो कालो पत्रे तथा नालि निर्माण | ओभरी ८ | ७०० मि. | १ करोड | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ५ | बालापुर रिडरोड स्तरोन्नती | बालापुर | ४ कि.मि | ४ करोड | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ६ | धर्मटि बाटो स्तरोन्नती | धर्मटि | १ कि.मि. | १ करोड | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ७ | डाडागाउँ टोलमा कालोपत्रे तथा नाली निर्माण | डाडागाउँ वडा नं ८ | ८०० मि. | १ करोड | भोतिक पूर्वाधार विकास मन्त्रालय |
| ८ | नयाँ गाउँ होम स्टे साईड बाटो कालोपत्रे तथा नाली निमार्ण | नयाँगाउ ८ | १ कि.मि. | १ करोड | उद्योग,पर्यटन तथा यातायात मन्त्रालय |
| १० | कालीमाटि मन्दिर देखी महेन्द्रराजमार्ग सम्म | वडा नं ८ | १८०० मि. | २ करोड | भोतिक पूर्वाधार विकास मन्त्रालय |
| ११ | नमुना टोल र शान्ति टोल हुँदै राजमार्ग सम्म बाटो कालो पत्रे तथा नाली निर्माण | वडा नं ८ | ८०० मि. | १ करोड | भोतिक पूर्वाधार विकास मन्त्रालय |
| १२ | थुरिया खोला सिंचाई बाँध तथा कुलो निर्माण | वडा नं ८ | ११ कि.मि. | १० करोड | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| १३ | स्वास्थ्य चोकी भवन निर्माण | वडा नं ८ | १ | १ करोड | स्वाव्थ्य मन्त्रालय |
| १४ | शिव शक्ति मा.वि. पर्खाल निर्माण | पेरानी | ८०० मि. | ५० लाख | सामाजिक विकास मन्त्रालय |
| १५ | वडाका विभिन्न स्थानमा सिंचाई वोरिङ्ग जडान | वडा नं ८ | १० स्थानमा | २.५ करोड | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| १६ | वडाका विभिन्न स्थानमा सोलार सडक बत्ति जडान | वडा नं ८ | ५ कि.मि. | २ करोड | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| १७ | बालापुरमा खानेपानी टंकी निर्माण | बालापुर | १ | १ करोड | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| १८ | खल्लागाउँ बाटो स्तरोन्नती | खल्लागाउँ | १२०० मि. | १ करोड | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| १९ | मिनि कोल्ड स्टोर निर्माण | वडा नं ८ | १ | १ करोड | कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय |

६.

११. कार्यपालिका सदस्य केशव परियारको दुर्घटना भइ लामो समय देखि स्वास्थ्य उपचार भई रहेकोले निजलाई उपचारार्थ रु २५ हजार आर्थिक सहयोग दिने |गाउपालिकामा कार्यरत कार्यालय सहयोगी पिताराम थारुको निधन भएकोले किरिया खर्च बापत २५ हजार खर्च दिने | वडा नं ९ निवासी शुरेश्कुमार डागीको परिवारको उपचार खर्चको लागि २० हजार दिने |

१२. यस गाउपलिकाको सवै वडामा सिसि क्यामेरा जडान गर्न बोलपत्र आह्वान भइ काम भैरहेकोमा केहि स्थानमा तारजडानको लागि पोल नहुदा समस्या परेकोले नेपालगंज उपमहानगरपालिका संग अनुरोध भइ प्राप्त भएका पोल ढुवानीमा भएको ,लोड अनलोडमा भएको खर्च र पोल गाड्ने ,खाल्डो खनी पुर्ने खर्च समेतको लागि सिनं १९ को निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च शीर्षकबाट २५ हजार व्योहोर्ने |

१३ . सिक्टा सब डिभिजन वन कार्यालय संगको साझेदारीमा वन वातावरण शाखाको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमवाट जि टु जिमा २ लाख ५० हजारको विरुवा उत्पादन गर्न साझेदारि गर्ने |

१४.जिल्ला प्रहरी कार्यालयको रङ्गरोगनको लागि पुर्व निर्णय अनुसारको १ लाख रकम सि.नं १५४ बाट भुक्तानी दिने |

१५.बिभिन्न राजनैतिक दल तिनका भात्रृ संगठनवाट आर्थिक सहयोग माग भइ आएकोले देहाय अनुसारको आर्थिक सहयोग दिने :

- रास्ट्रीय जनमोर्चा ७ हजार , नेकपा विप्लव ७ हजार , नेकपा माओवादी ७ हजार , नेकपा बहुमत ७ हजार , नेमकिपा ७ हजार , अनेरास्ववियु क्रान्तिकारी ५ हजार

१६ . नेपाल पत्रकार महासंघ लुम्विनी प्रदेशको क्यालेन्डर प्रकाशनमा सहयोग गर्ने |

१७. BEE Group वाके संगको साझेदारीमा चालु आर्थिक वर्ष २०८१/०८२ को लागि वडा नं ५ स्थित सिंगल वक्स कल्भर्ट निर्माणको लागि कुल लागत अनुमान ५,८६,२४६ | रकमको बी ग्रुप र समुदायको सहभागिता वाहेक २ लाख ७५ हजार गाउपालिकाको साझेदारी वजेट शीर्षकबाट र वडाको भए भए सो समेत र वडा नं ३ को RCC slab culvert with masonry wall को कुल लागत अनुमान ७,६८,००३ | मध्ये समुदाय र सस्थाको बाहेक ३ लाख वडा नं ३ को विनियोजित वजेटवाट लागत साझेदारीमा निर्माण कार्य गर्ने |

१७. गाउपालिकाको नदिजन्य पदार्थको ठेक्का रकमको हाल सम्म पनि कुनै किस्ता राजस्व दाखिला नभएकोले जम्मा गर्न ताकेता गर्ने वा व्यवसायीले किस्ता तिर्ने अवधि र रकम समेत पेश नगरेकोले सो प्रस्ताव पेश गरेमा सो अवधि भित्र रकम जम्मा नगरेमा ताकेता गर्ने वा पालिकाको नाममा भएको वैंक जमानत वाट प्रस्तावित किस्ताबन्दीमा उल्लेख भएको रकम अशुल गर्ने |

१८. संशोधित बजेट शिर्षकको मठमन्दिर /चर्च शीर्षकबाट शिव मन्दिर चिलारिया वडा नं ५ को मर्मत सम्भारको लागि ३ लाख ५० हजार , जि नेपाल टेलिभिजन संग कार्यक्रम संचालन गर्ने ,राप्तिसिनारी ७ को बाध मरमतको लागि विपद व्यवस्थापन शीर्षकबाट २५ हजार दिने ,ओशो ध्यान केन्द्रको ब्यबस्थापनको लागि बिलभरपाई सहित मिल्दो शीर्षकबाट ३० हजार विलभरपाई पेश भएमा सहयोग गर्ने , शिब मन्दिर वडा नं ७ को रङरोगनको लागि मठ मन्दिर शीर्षकबाट ४० हजार रकम बिल भरपाई सहित पेश भएमा सहयोग रकम दिने |

१९. आरम्भ इनर्जी एण्ड इलेक्ट्रोनिक्सको चैत्र २८ को निवेदन अनुसार र प्राबिधिक /सुचना प्रविधिक अधिकृतको सिफारिस अनुसार काम केहि बाकि रहेकोले नियमानुसार ४५ दिनको म्याद थप गर्ने र काममा गुणस्तर कायम गर्ने व्यबस्था मिलाउने |

८.

CamScanner

२०. सभाबाट स्वीकृत कार्यक्रममा लागत साझेदारी , साझेदारी प्रवर्दन कोष ,विभिन्न संघसंस्था संग साझेदारीमा टोल विकास संस्था वा उपभोक्ता समितिबाट साझेदारीमा काम गर्दा श्रम वा काममा साझेदारी गर्ने र अन्य पालिका भित्रका सामुदायिक बन , समिति सहकारी लगायतका संघसंस्थाबाट काम गर्दा ६० प्रतिशत पालिकाको र ४० प्रतिशत कामको कुल लागतमा साझेदारी रकम व्यहोर्ने गरि पूर्वाधारका कामहरु गर्ने ।

२१. वडा नं ६ को माग अनुसार सो वडाको बुढीयाखल्लामा कल्भर्ट निर्माण कार्य गर्न बजेट किताबको शिर्षक नं ८७ को सामाजिक विकास प्रवर्धन कोष तथा प्रवर्धन कार्यक्रम शिर्षक बाट ६ लाख खर्च व्यहोर्ने ।